"मीठे बच्चे– शुभ कार्यमा ढिलो गर्नु हुँदैन, आफ्ना भाइ-बहिनीहरूलाई ठक्कर खानबाट बचाउनु छ, भूँ-भूँ गरेर आफू समान बनाउनु छ।"

प्रश्नः– कुन कुराको अनर्थ भएकोले दुनियाँ कौडी समान बनेको छ?

उत्तरः– सबै भन्दा ठूलो अनर्थ भएको छ– गीताका स्वामीलाई भुलेर गीता ज्ञानबाट जन्मेका बच्चालाई स्वामी भनिदिएका छन्। यसै एक अनर्थको कारण सबै बाबाबाट विमुख भएका छन्। दुनियाँ कौडी समान बनेको छ। अब तिमी बच्चाहरू बाबाको सम्मुखमा सच्चा गीता सुनिरहेका छौ, जुन गीता ज्ञानबाट नै देवी-देवता धर्मको स्थापना हुन्छ, तिमी श्रीकृष्ण समान बन्छौ।

गीतः– किसने यह सब खेल रचाया...

ओम् शान्ति। ब्राह्मण कुलभूषण बच्चाहरूले बुझिसकेका छन्– वास्तवमा हामीलाई स्वर्गमा अपरम्पार सुख थियो, हामी धेरै खुसी थियौं, हामी जीवात्माहरू स्वर्गमा धेरै आनन्दमा थियौं फेरि के भयो? रंग, रूपको माया आएर टाँसियो। विकारको कारणले नै यसलाई नर्क भनिन्छ। नर्क त सारा संसार हो। अब जुन यो कुमालकोटी (भ्रमरी) को उदाहरण दिइन्छ, भ्रमरी र ब्राह्मणी (निमित्त टिचर) दुवैको काम एउटै हो। भ्रमरीको उदाहरण तिम्रो बारेमा दिइएको हो। भ्रमरीले कीरा लिएर जान्छ। घर बनाएर त्यसमा कीरालाई राख्छ। यो पनि नर्क हो। सबै कीरा जस्तै छन्। तर सबै कीराहरू देवी-देवता धर्मका होइनन्। जति पनि छन् ती सबै नर्कवासी कीरा जस्तै छन्। अब देवी-देवता धर्मका कीरा को हुन्? यो कसरी थाहा हुन सक्छ? यी ब्रह्मावंशी ब्राह्मणीहरूले बसेर भूँ-भूँ गर्छन्, जो देवी-देवता धर्मका हुन्छन् तिनीहरू नै टिक्न सक्छन्। जो हुँदैनन्, टिक्ने छैनन्। नर्कवासी कीराहरू त सबै हुन्। संन्यासीहरूले पनि यही भन्छन्– नर्कको यो सबै सुख काग विष्टा समान छ। स्वर्गमा अथाह सुख हुन्छ भन्ने कुरा उनीहरूलाई थाहा छैन। यहाँ ५ प्रतिशत सुख र ९५ प्रतिशत दु:ख छ। त्यसैले यसलाई कुनै स्वर्ग भनिदैन। स्वर्गमा त दु:खको कुरा नै रहँदैन। यहाँ त अनेक शास्त्र, अनेक धर्म तथा अनेक मतहरू भएका छन्। स्वर्गमा त एकै अद्वैत दैवी मत हुन्छ। एकै धर्म हुन्छ। त्यसैले तिमी हौ ब्राह्मणीहरू। तिमीले भूँ-भूँ गर्छौ फेरि जो यस धर्मका हुन्छन् उनीहरू टिक्छन्। अनेक प्रकारका छन्। कसैले प्रकृतिलाई मान्छन्, कसैले विज्ञानलाई, कोही भन्छन्– यो सृष्टि कल्पना मात्र हो। यस्तो वार्तालाप यहाँ नै चल्छ, सत्ययुगमा चल्दैन। यी बेहदका बाबाले प्रजापिता ब्रह्माको मुख कमलबाट आफ्ना बच्चाहरूलाई बसेर सम्झाउनु हुन्छ– तिमी मेरो पासमा थियौ, अब फेरि मेरो पासमा आउनु छ। यसमा शास्त्रहरूको कुरा त छैन। क्राइस्ट तथा बुद्ध आउँछन्, उनीहरू पनि आएर सुन्छन्, त्यतिबेला शास्त्रको बारेमा प्रश्न पनि उठ्न सक्दैन। क्राइस्टले बाइबिल पढ्थे र? बाइबिलको प्रश्न नै भएन। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! तिमी आफ्नो हालत त हेर। माया रावणले तिम्रो कस्तो हालत बनाएको छ! हामी आसुरी सम्प्रदायका हौं भन्ने कुरा सम्झन्छन् पनि। रावणलाई जलाउँछन् तर जल्दैन। रावण जल्न बन्द कहिले हुन्छ? यो मनुष्यहरूलाई थाहा छैन। तिमी हौ ईश्वरीय दैवी सम्प्रदाय। तिमी बच्चाहरू मेरा हौ, अब म फेरि आएको छु, तिमी बच्चाहरूलाई राजयोग सिकाउन। अनेक धर्म छन्। तिनीहरूबाट निकाल्नमा कति मेहनत लाग्छ। गीता पनि कहाँबाट आएको हो? आदि सनातन देवी-देवता धर्म, जुन थियो। त्यसको निशानी फेरि ऋषि-मुनिहरूले बसेर बनाए, जुन अहिलेसम्म पनि सुन्दै आएका छन्। त्यो निशानी कहाँबाट आयो? वेद कसले बनायो? वेदहरूका पिता को हुनु हुन्छ? बाबा भन्नुहुन्छ–

गीताको भगवान् म हुँ। गीता माता शिवबाबाले रच्नुभयो, त्यसबाट कृष्णको जन्म भयो। उनको साथमा राधा आदि त सबै आउँछन्। पहिला हुन् नै ब्राह्मणहरू।

उहाँ हाम्रो परमप्रिय बाबा हुनु हुन्छ, यो तिमी बच्चाहरूलाई निश्चय छ, जसलाई सबैले भन्छन्– हे परमपिता परमात्मा दया गर्नु होस्। भक्तहरूले पुकार्छन्– कसरी दु:खबाट छुटौं। यदि भगवान् सर्वव्यापी हुनु हुन्छ भने उहाँलाई बोलाउने कुरा नै आउँदैन। मुख्य हो गीताको कुरा, कति यज्ञ आदि रच्छन्। अब तिमीले यस्ता पर्चाहरू छपाऊ। अब कति अनर्थ भइसकेको छ। जहाँ-तहाँ हेर गीता लेखि नै रहन्छन्। गीता कसले रच्यो, कसले गायो, कहिले गायो, कसले बनायो, केही पनि थाहा छैन। श्रीकृष्णको पनि यथार्थ परिचय छैन। भनिदिन्छन्– जहाँ हेऱ्यो सर्वव्यापी कृष्ण नै कृष्ण हुनु हुन्छ। राधाका भक्तहरूले राधाको लागि भन्नेछन् सर्वव्यापी राधा नै राधा छिन्। एक निराकार परमात्मालाई भनेको भए त बरू ठीकै थियो। सबैलाई किन सर्वव्यापी गरिदिएका छन्। गणेशको लागि पनि भन्छन् सर्वव्यापी। एउटै मथुरा शहरमा कसैले भन्छन् श्रीकृष्ण सर्वव्यापी छन्, कसैले भन्छन् राधा सर्वव्यापी छिन्। कति अलमलिएका छन्। एउटाको मत अर्को सँग मिल्दैन। एउटै घरमा पिताको गुरु अलग, बच्चाको गुरु अलग। वास्तवमा गुरु बनाइन्छ वानप्रस्थमा। बाबा भन्नुहुन्छ– म पनि यिनको वानप्रस्थ अवस्थामा आएको छु। दुनियाँमा त जो जति ठूला गुरु हुन्छन् उनलाई त्यति नै नशा रहन्छ। आदि देवलाई महावीर पनि नाम दिइएको छ। हनुमानलाई पनि महावीर भन्छन्। महावीर त तिमी शक्तिहरू हौ। दिलवाला मन्दिरमा शक्तिहरूको सिंह माथि सवारी छ र पाण्डवहरूको हात्तीहरूमाथि। मन्दिर धेरै युक्तिले बनेको छ। हुबहु तिम्रो यादगार हो। तिमी त त्यस समयमा हुँदैनौ जसले गर्दा तिम्रो चित्र दिन सकियोस्। मन्दिर त द्वापरमा बनेका हुन्, त्यसैले तिम्रो चित्र कहाँबाट आउँछ? सेवा त तिमी अहिले गरिरहेका छौ। कुरा सबै अहिलेका नै हुन्। उनीहरूले पछि गएर शास्त्र बनाएका हुन्। हामीले यदि गीताको नाम लिएनौ भने मनुष्यहरू सम्झन्छन्– खोइ कुन्नि, यो कुनचाहिँ नयाँ धर्म हो? कति मेहनत लाग्छ। उनीहरूले त केवल यो दुनियाँमा धर्म स्थापना गर्छन्। तिमीलाई त बाबाले नयाँ दुनियाँको लागि तयार गर्नुहुन्छ।

बाबा भन्नुहुन्छ– मेरो जस्तो कर्तव्य कसैले गर्न सक्दैन। सबै पतितहरूलाई पावन बनाउनु पर्ने हुन्छ। अब तिमी बच्चाहरूले चेतावनी (वार्निङ्ग) दिनु पर्छ। यहाँ कति अनर्थ भएको छ जसले गर्दा आज दुनियाँ कौडीतुल्य बनेको छ। बाबाले गीता माताद्वारा कृष्णलाई जन्म दिनुभयो, उनीहरूले फेरि कृष्णलाई गीताका मालिक बनाइदिएका छन्। गीताका स्वामी शिव हुनु हुन्छ, उहाँले गीताद्वारा कृष्णलाई जन्म दिनुभयो। तिमीहरू सबै संजय हौ, सुनाउनेवाला एक शिवबाबा हुनु हुन्छ। प्राचीन देवी-देवता धर्मको रचयिता को? यो सबै लेख्नमा बुद्धि चाहिन्छ। गीताद्वारा हामी जन्म लिइरहेका छौं। मम्मा राधा र यी फेरि कृष्ण बन्छन्। यी गुप्त कुरा हुन् नि। ब्राह्मणहरूको जन्म कसैले बुझ्न सक्दैन। कुरा हो नै कृष्ण र परमात्माको। ब्रह्मा, कृष्ण र शिवबाबा– यी सबै कुरा रहस्यपूर्ण छन् नि। यी कुरालाई बुझ्न बडो बुद्धिवान चाहिन्छ। जसको योग पूरा हुन्छ, उनको बुद्धि पारस बन्दै जान्छ। भट्किरहने बुद्धिमा यो टिक्न सक्दैन। बाबाले तिमी बच्चाहरूलाई कति उच्च ज्ञान दिइरहनु भएको छ। विद्यार्थीले आफ्नो बुद्धि पनि चलाउँछन् नि। त्यसैले अब बसेर लेख। शुभ कार्यमा ढिलाइ गर्नु हुँदैन। हामी सागरका बच्चाहरूले आफ्ना भाइ-बहिनीहरूलाई बचाउनु छ। बिचराहरू ठक्कर खाइरहन्छन्। भन्नेछन्– बी.के. हरूले धेरै पटक भनिरहेका छन् भने केही त अवश्य होला। लाखौं पर्चा छपाएर गीता पाठशालाहरूमा बाँड। भारतवर्ष अविनाशी खण्ड हो र सर्वोत्तम तीर्थ पनि हो। जुन बाबाले सबैलाई सद्गति

दिनु हुन्छ उहाँको तीर्थस्थानलाई नै लोप गरिदिएका छन्, त्यसैले उहाँको नाम प्रत्यक्ष गर्नु पर्छ। फूल चढाउने लायक एक शिव नै हुनु हुन्छ। बाँकी त सबै व्यर्थ छन्। गीता पाठशालाहरू धेरै छन्। तिमी भेष बदलेर त्यहाँ जाऊ। फेरि यिनीहरू बी. के. होलान् भन्ने सम्झे पनि यस्ता प्रश्नहरू कसैले सोध्न सक्दैन। अच्छा–

तिमी सम्झन्छौ– शिवबाबाले ब्रह्मा तनबाट यी कुरा बसेर सम्झाउनु हुन्छ। जुन बाबा स्वर्गको मालिक बनाउनेवाला हुनु हुन्छ उहाँ अहिले आउनु भएको छ। जबसम्म ब्राह्मण बनिदैन, तबसम्म देवता बन्न सकिदैन। ब्राह्मण कुल देवताहरू भन्दा पनि उच्च छ। सबैको आत्मा पावन भइरहेको छ। तिमी फेरि नयाँ दुनियाँमा पुनर्जन्म लिन्छौ। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

रात्रि क्लास:– १२.०१.६९

तिमी बच्चाहरू एक बाबाको यादमा बसेका छौ, एकको यादमा रहनु यसलाई भनिन्छ अव्यभिचारी याद। यदि यहाँ बसेर पनि अरू कसैको याद आउँछ भने त्यसलाई व्यभिचारी याद भनिन्छ। खानु, पिउनु, रहनु एकै घरमा अनि याद अरूलाई गर्नु– यो त ठगी भयो। भक्ति पनि जबसम्म एक शिवबाबाको गरिन्छ तबसम्म अव्यभिचारी भक्ति भयो, फेरि अरूलाई याद गर्नु व्यभिचारी भक्ति हुन्छ। अहिले तिमी बच्चाहरूलाई ज्ञान मिलेको छ, एक बाबाले कति कमाल गर्नुहुन्छ! हामीलाई विश्वको मालिक बनाउनु हुन्छ। त्यसैले उहाँ एकलाई नै याद गर्नु पर्छ। मेरो त एक। तर बच्चाहरूले भन्छन्– शिवबाबाको याद भुलिहाल्छौं। वाह! भक्तिमार्गमा त तिमीले भन्थ्यौ– हामी एकलाई नै याद गर्नेछौं। उहाँ नै पतित-पावन हुनु हुन्छ, अरू त कसैलाई पतित-पावन भनिदैन। एकलाई नै भनिन्छ। उहाँ नै सबै भन्दा उच्च हुनु हुन्छ। अहिले त भक्तिको कुरा नै छैन। बच्चाहरूलाई ज्ञान छ। ज्ञान सागरलाई याद गर्नु छ। भक्तिमार्गमा भन्छन्– हजुर आउनुभयो भने हामी हजुरलाई नै याद गर्नेछौं। त्यसैले यी कुरालाई याद गर्नु छ। हरेकले आफू सँग सोध– म एक बाबालाई याद गर्छु वा अनेक मित्र सम्बन्धी आदिलाई पनि याद गर्छु? एक बाबा सँग नै दिल लगाउनु छ। यदि दिल अरूतिर गयो भने याद व्यभिचारी हुन्छ। बाबा भन्नुहुन्छ– हे बच्चाहरू, म एकलाई याद गर। फेरि त्यहाँ तिमीलाई दैवी सम्बन्धी मिल्छ। नयाँ दुनियाँमा सबै नयाँ मिल्छ। अब आफ्नो जाँच गर्नु छ– हामी कसलाई याद गर्छौं? बाबा भन्नुहुन्छ– तिमीले म पारलौकिक बाबालाई याद गर। म नै पतित-पावन हुँ। कोशिश गरेर अरू तर्फबाट बुद्धियोग हटाएर बाबालाई याद गर्नु छ। जति याद गर्छौं त्यति नै पाप कट्ने छ। यस्तो होइन जति हामीले याद गर्छौं त्यति बाबाले पनि याद गर्नुहुन्छ। बाबालाई कुनै पाप काट्नु कहाँ छ र! अहिले तिमी यहाँ बसेका छौ पावन बन्नको लागि। शिवबाबा पनि यहाँ हुनु हुन्छ। उहाँको आफ्नो शरीर त छैन, लोन लिनु भएको छ। तिमीले बाबा सँग प्रतिज्ञा गरेका छौ– बाबा हजुर आउनुभयो भने हामी हजुरको बनेर नयाँ दुनियाँको मालिक बन्नेछौं। आफ्नो दिल सँग सोध्दै गर। यो त जानेका छौ– बुद्धियोगको लिंक घरी-घरी बाबाबाट टुट्छ। बाबा जान्नुहुन्छ– लिंक टुट्छ, फेरि याद गर्छौं, फेरि टुट्छ। बच्चाहरू नम्बरवार पुरुषार्थ त गर्छन् नै। राम्रो सँग यादमा रह्यौ भने यस राजकुलमा आउँछौ। आफ्नो जाँच गर्दै जाऊ, डायरी राख। सारा दिनमा मेरो बुद्धियोग कहाँ-कहाँ गयो? अनि बाबाले सम्झाउनु हुन्छ। आत्मामा जो मन, बुद्धि छ त्यो भाग्छ। बाबा भन्नुहुन्छ– भाग्नाले घाटा पर्छ। मलाई याद गर्नाले धेरै फायदा छ। बाँकी त नोक्सानै नोक्सान छ। याद गर्नु छ मुख्य

एकलाई। आफूमाथि खबरदारी राख्नु छ, कदम-कदममा फायदा, कदम-कदममा घाटा। ८४ जन्म देहधारीहरूलाई याद गरेर घाटा नै भयो। एक-एक दिन हुँदै ५००० वर्ष बिते, घाटा नै भयो, अब बाबाको यादमा रहेर फायदा गर्नु छ।

यसरी विचार सागर मन्थन गरेर ज्ञान रत्न निकाल्नु छ, बाबाको यादमा एकाग्रचित भएर लाग्नु छ। कति बच्चाहरूलाई कौडी कमाउने चिन्ता रहन्छ। मायाले धन्दा आदिको विचार लिएर आउँछ। धनवानहरूलाई त धेरै विचार आउँछ। बाबाले के गर्ने? बाबाको कति राम्रो धन्दा थियो, मेहनत गर्नु पर्ने आवश्यकता नै थिएन। कुनै व्यापारी आउँदा मैले सोध्थे– पहिले यो बताउनुहोस्, तपाईं व्यापारी हुनु हुन्छ या एजेन्ट? (हिस्ट्री) तिमीलाई धन्दा आदि गर्दा बुद्धियोग बाबा सँग राख्नु छ। अब कलियुग पूरा भएर सत्ययुग आउँदैछ। पतित त सत्ययुगमा जाने छैनन्। जति याद गर्नेछौ त्यति नै पवित्र बन्छौ। पवित्रताबाट धारणा राम्रो हुन्छ। पतितले न याद गर्न सक्छ, न धारणा नै हुन्छ। कसैलाई तकदिर अनुसार समय मिल्छ, पुरुषार्थ गर्छन्, कसैलाई समय नै मिल्दैन, याद नै गर्दैनन्। जसले जति कोशिश कल्प पहिले गरेका थिए त्यति नै गर्छन्। हरेकले आफैं मेहनत गर्नु छ। कमाईमा घाटा पर्दा पहिले भन्थे ईश्वरको इच्छा। अहिले भन्छन् ड्रामा। जे कल्प पहिले भएको थियो त्यही हुन्छ। यस्तो होइन अहिले ४ घन्टा याद गर्छौं भने अर्को कल्पमा ज्यादा गर्नेछौ। होइन। शिक्षा दिइन्छ। अहिले पुरुषार्थ गऱ्यौ भने कल्प-कल्प राम्रो पुरुषार्थ हुन्छ। त्यसैले जाँच गर– बुद्धि कहाँ-कहाँ जान्छ? मल्लयुद्धमा धेरै खबरदारी राख्छन्। अच्छा– रूहानी बच्चाहरूलाई रूहानी बापदादाको याद-प्यार एवं गुडनाइट।

धारणाको लागि मुख्य सार:–

१) बुद्धिमान बन्नको लागि यादले आफ्नो बुद्धिलाई पारस बनाउनु छ। बुद्धिलाई यता-उता भट्काउनु हुँदैन। बाबाले जे सुनाउनु हुन्छ त्यसमाथि नै विचार गर्नु छ।

२) भ्रमरी बनेर भूँ-भूँ गरेर नर्कवासी बनेका कीराहरूलाई देवी-देवता बनाउने सेवा गर्नु छ। शुभ कार्यमा ढिलो गर्नु हुँदैन। आफ्ना भाइ-बहिनीहरूलाई बचाउनु छ।

वरदान:– अविनाशी सुहाग एवं भाग्यको तिलकधारी सो भविष्यको राज्य तिलकधारी भव

संगमयुगमा देवहरूको पनि देवको सुहाग र परमात्म वा ईश्वरीय सन्तानको भाग्यको तिलक प्राप्त हुन्छ। यदि यो सुहाग र भाग्यको तिलक अविनाशी छ, मायाले यस तिलकलाई मेटाउँदैन भने यहाँको सुहाग र भाग्यको तिलकधारी सो भविष्यको राज्य तिलकधारी बन्छौ। हरेक जन्ममा राज्य तिलकको उत्सव हुन्छ। राजाको साथ रोयल परिवारको पनि तिलक दिवस मनाइन्छ।

स्लोगन:– सदा एकको स्नेहमा लीन रह्यौ भने यो स्नेहले मेहनतलाई समाप्त गरिदिन्छ।